**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २५ मई २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- राज्यका मुख्यमंत्री शुभेन्दु अधिकारीले आजदेखि जनता दरवार शुरू गर्नु भएको छ। जनताको समस्या सुन्नु सल्टलेक भाजपा कार्यालयमा उहाँले सैकड़ौं मानिसहरूसित भेट गर्नुभयो।

- सिलगड़ीको दार्जीलिङ मोड़मा रहेको टिएमसी सरकारले बनाएको विश्व बांग्ला लोगोलाई एसजेडीए को आदेशमा भत्काईको छ।

- फाल्टा विधानसभाको सीटमा भाजपाको अभूपूर्व जीत प्रति प्रधानमंत्री नरेन्द्र मोदीले टिप्पणी गर्दै यसलाई लोकतंत्रको जीत र गुण्डागर्दीको पराजय बताउनु भएको छ।

- राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रपति भवनमा आयोजित एक कार्यक्रममा यो वर्षको पुरस्कारहरू प्रदान गर्नुभयो। शिक्षा र साहित्यको क्षेत्रमा विशेष उपलब्धिका लागि कालेबुङ्का ड़ा. जी.एस योंजन लाई पदमश्री पुरस्कारले सम्मानित गरयो।

- दार्जीलिङ जिल्लामा सप्ता व्यापी जनभागीदारी अभियान आज समाप्त भएको छ।

- पश्चिम बंगालका विभिन्न जिल्लाहरूमा भीषण गर्मीको प्रकोप देखिन्दैछ।

**मुख्यमन्त्री शुभेन्दु अधिकारीको 'जनता दरबार'**

कोलकाताको सल्टलेकस्थित भारतीय जनता पार्टीको कार्यालयमा आज आयोजित 'जनता दरबार' कार्यक्रममा नोकरीका उम्मेद्वारहरूले ठूलो सङ्ख्यामा भाग लिए। मुख्यमन्त्री शुभेन्दु अधिकारीसित गरी आफ्नो समस्या बताउन आएका उम्मेद्वारहरूको लामो ताँत देखियो। भीड़लाई निन्त्रण गर्नको लागि सुरक्षा कर्मीहरूलाई धेरै परिश्रम गर्नुपऱ्यो। जानकारी अनुसार नोकरीका उम्मेद्वारहरूको लगभग 15 वटा सङ्गठनका प्रतिनिधिहरू मुख्यमन्त्रीसित भेट गर्न आएका थिए। यसमा भर्ती घोटालाको कारणले आफूलाई वञ्चित मान्ने उम्मेद्वारहरू लगायत उच्चतम अदालतको आदेशपछि नोकरी गुमाउने 26 हजार शिक्षक-शिक्षिकाहरूका प्रतिनिधिहरू पनि सामेल थिए। सबैले मुख्मन्त्रीसित शीघ्र समाधान गरिदिने माग गरे। मुख्यमन्त्री भएपछि शुभेन्दु अधिकारीले आम मानिसहरूको समस्या सुनेर त्यसलाई समाधान गर्नका लागि 'जनता दरबार' नामक कार्यक्रम शुरू गरेका छन्। भाजपाद्वारा भनिएको छ, प्रत्येक सोमवार बिहान 9-11 बजेसम्म मुख्यमन्त्रीले सल्टलेकस्थित पार्टी कार्यालमा उपस्थित रहेर मानिसहरूको सिकायत सुन्नेछन्। आज बिहान मुख्यमन्त्री आइपुग्न अगावै ठूलो सङ्ख्यामा नोकरीका उम्मेद्वारहरू कार्यालय बाहिर भेला भइसकेका थिए।
कार्यक्रममा लकेट च्याटर्जी र शशी अग्निहोत्री समेत राज्य भारतीय जनता पार्टीका केही नेताहरू उपस्थित थिए।

**तृणमूल कांग्रेसको पार्टी कार्यालय भत्काइयो**

राजनीतिक परिवर्तनपछि सिलगुडी नजिकैको कावाखली क्षेत्रमा अवस्थित तृणमूल कांग्रेसको पार्टी कार्यालय भत्काइयो। यो कार्यालय सिलगुडी-जलपाइगुडी विकास प्राधिकरणको स्वामित्वमा रहेको जग्गामा अवैध रूपमा निर्माण गरिएको रिपोर्ट गरिएको छ। स्रोतका अनुसार पार्टी कार्यालय मतिगढा ब्लकका तृणमूल कार्यकर्ताहरूले बनाएका थिए। राज्यमा सत्ता परिवर्तनपछि यो कुरा प्रशासनको ध्यानमा आयो, त्यसपछि सिलगुडी-जलपाइगुडी विकास प्राधिकरणले कार्यालयको बारेमा सूचना जारी गर्‍यो। सूचनामा सात दिनभित्र अवैध संरचना हटाउन निर्देशन दिइएको थियो। प्रशासनको दृढ अडानलाई ध्यानमा राख्दै तृणमूल नेतृत्वले कारबाही गर्‍यो र अन्तत आज पार्टी कार्यकर्ताहरूले आफैंले आफ्नो कार्यालय भत्काए। यद्यपि स्थानीय तृणमूल नेताहरूले घटनाहरूको यस सम्पूर्ण क्रमको बारेमा पत्रकारहरूलाई कुनै पनि टिप्पणी दिनबाट अस्वीकार गरे।

**दार्जीलिङ मोड़को 'विश्व बङ्गला' लोगो**

सिलगढ़ीको दार्जीलिङ मोड़मा अवस्थित 'विश्व बङ्गला'- को लोगोलाई आज प्रशासनको उपस्थितिमा भत्काइयो। यो लोगो सिलगढ़ी नगरनिगमको पहलमा बनाइएको थियो। सिलगढ़ी नगरनिगमका मेयर गौतम देवले भन्नु भएको छ, चार लेन सड़कको निर्माण कार्यले गर्दा भविष्यमा यो लोगोलाई हटाउन सक्थ्यो। यसको लागि केही समय पनि मागिएको थियो, तर राज्य सरकारको निर्देश त्यस अगावै हटाइयो। यस सम्बन्धमा मेयर परिषद सदस्य शोभा सुब्बाले भन्नु भयो, राज्य सरकारको फसेलालाई पालन गर्दै 'विश्व बङ्गला'-को लोगोलाई हटाइएको छ। स्मरण गराइन्छ, राज्यको सत्ता परिवर्तन भएपछि 'विश्व बङ्गला' को लोगोलाई हटाएर त्यस ठाउँमा 'अशोक स्तम्भ' लाई प्रतीकको रूपमा उपयोग गरिँदैछ।

**प्रधानमन्त्रीको बधाई फाल्टा विधानसभा सिट**

प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बङ्गालको फाल्टा विधानसभा सिटमा भारतीय जनता पार्टीको रेकर्ड विजयमा खुशी व्यक्त गर्नु हुँदै यो लोकतन्त्रको विजय र "गान्धीगर्दी" को पराजय भएको बताउनु भयो। उहाँले यो जितका लागि पश्चिम बङ्गालका सबै भाजपाका कार्यकर्ताहरूलाई बधाई दिनु भयो। प्रधानमन्त्री मोदीले अबेर राति सामाजिक संजालमा लेख्नु भएको छ, "फाल्टाका जनताले आफ्नो फैसला दिएका छन्। लोकतन्त्र विजयी भएको छ र धम्की दिने शक्तिहरू हारेका छन्। श्री देबाङ्शु पाण्डाजीलाई रेकर्ड अन्तरले जितेकोमा बधाई। यसले भाजपामा पश्चिम बङ्गालका जनताको अटुट विश्वासलाई देखाउँछ। मानिसहरूले पश्चिम बङ्गाल सरकारले हरेक क्षेत्रमा गरिरहेको उत्कृष्ट काम देखिरहेका छन् र त्यसैले उनीहरूले हामीलाई आफ्नो आशीर्वाद दिने निर्णय गरेका छन्।'

**शङ्कर घोष - जिल्ला अस्पताल**

विधायक भएपछि शङ्कर घोषले पहिलो पटक सिलगढ़ी जिल्ला अस्पतालको दौड़ाह गर्नु भयो। यस अवसरमा उहाँले रोगी कल्याण समितिको एक अहम बैठकमा पनि भाग लिनु भयो। आफ्नो भ्रमणावधि विधायक घोषले अस्पतालको वर्तमान व्यवस्था, रोगीहरूले पाइरहेका सुविधा तथा बुनियादी ढाँचासित सम्बन्धित समस्याहरूको विस्तृत जायजा लिनु भयो। बैठकमा उपस्थित अस्पतालका अधिकारीगण, डाक्टरहरू तथा कर्मचारीहरूसित विधायकले प्रत्यक्ष रूपमा कुराकानी गर्नु हुँदै धरातलीय अवस्थालाई बुझ्ने चेष्टा गर्नु भयो। उहाँले सबैसित खुलेर समस्याहरू राख्ने आग्रह गर्नु भयो ताकि सबै समस्याको समाधान गर्नको लागि ठोस कदम उठाउन सकियोस्।
बैठकपछि पत्रकारहरूसित बातचित गर्नु हुँदै शङ्कर घोषले स्वीकार गर्नु भयो, अस्पतालमा धेरैवटा समस्या छ। सबैभन्दा ठूलो समस्या त ठाउँ साँघुरो छ जसले गर्दा रोगीहरूलाई पर्याप्त सुविधा दिन समस्या भइरहेको छ। यस अतिरिक्त आधारभूत संरचना तथा संसाधनहरूसित सम्बन्धित अन्य चुनौतीहरू पनि देखिएको छ। विधायकले भरोसा दिलाउनु भयो, यी समस्याहरूको समाधान गर्नको लागि प्राथमिकताको आधारमा काम गरिनेछ। उहाँले भन्नु भयो, आगामी तीनदेखि छः महिनाभित्रमा स्थिति सुधार्ने दिशामा ठोस प्रयास गरिनेछ ताकि रोगीहरूलाई श्रेष्ठ स्वास्थ्य सेवा प्राप्त होस्। अस्पतालको विस्तार औ संसाधनहरूलाई बढ़ाउनको लागि सम्बन्धित विभागसित समन्वय गरिनेछ।

**राष्ट्रपति – पद्म पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा आयोजित नागरिक सम्मान समारोहमा वर्ष २०२६ का लागि ६६ जना प्रतिष्ठित व्यक्तित्वहरूलाई पद्म पुरस्कार प्रदान गर्नुभयो। यीमध्ये दुईजनालाई पद्म विभूषण, छ जनालाई पद्म भूषण र ५८ जनालाई पद्म श्रीले सम्मानित गरियो। प्रसिद्ध चलचित्र अभिनेता धर्मेन्द्र सिंह देओललाई कला क्षेत्रमा उहाँको योगदानको लागि मरणोपरान्त पद्म विभूषणले सम्मानित गरियो। अभिनेताकी श्रीमती तथा साँसद हेमा मालिनीले पुरस्कार ग्रहण गर्नु भयो। भायोलिनवादक डा. एन. राजमलाई पनि पद्म विभूषणले सम्मानित गरियो। उत्तराखण्डका पूर्व मुख्यमन्त्री तथा महाराष्ट्रका राज्यपाल भगत सिंह कोश्यारी, शतवधनी डा. आर. गणेश; उदय सुरेश कुमार; र डा. कालीपट्टी रामास्वामी पलानीस्वामीलाई पद्म भूषणले सम्मानित गरियो।

पद्म श्रीबाट सम्मानित प्रतिष्ठित व्यक्तित्वहरूमा भारतीय महिला क्रिकेट टोलीकी कप्तान हरमनप्रीत कौर, तगा राम भिल, रतिलाल मोहनलाल बोरिसगर, स्वामी ब्रह्मदेव र कुमार बोस सामेल छन् ।

समारोहमा उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, र केन्द्रीय मन्त्रीहरू अमित शाह, गजेन्द्र सिंह शेखावत, र एच.डी. कुमारस्वामी, साथै अन्य धेरै विशिष्ट व्यक्तिहरू पनि उपस्थित थिए।

**सप्ताहव्यापी जनजाति जनभागिदारी अभियानको समापन**

राज्यको जनजाति विषयक विभागद्वारा जनजाति समुदायका विविध समस्या समाधानका लागि गरिएको एक सप्ताहव्यापी जनभागिदारी अभियान आज समापन भयो। गत 18 मईको दिन सुकेपोखरी-मानेभञ्ज्याङ समष्टिको सिमाना बस्तीबाट शुरू गरिएको यस अभियान अन्तर्गत 48 वटा शिविर लगाइएको थियो, जसमा जनजाति समुदायका 9 हजारभन्दा धेर मानिसहरूले सहभागिता जनाएका थिए। शिविरमा जनजाति प्रमाण-पत्र, जनजातिका लागि सरकारबाट उपलब्ध हुने सुविधाहरूबारे विस्तृत जानकारी गराइएको दार्जीलिङका जिल्लापाल हरिशङ्कर पनिकर अनि जीटीएका कार्यकारी निर्देशक सामदेन डुक्पाले बताउनु भएको छ।

**मङ्पूको एउटा स्कूलमा चितुवा**

मङ्पूको एउटा निजी स्कूल परिसरमा आज एउटा चितुवा देखा परेपछि स्थानीयवासीमा केही समय त्रासको वातावरण सिर्जना भएको थियो। विद्यालय भवनको पटाई मुनि चितुवा प्रवेश गरेको खबर प्राप्त हुनासाथ सिञ्चेल वन विभागका टोली साथै महानन्दा वाइल्ड लाइफको टोली घटनास्थलमा पुगेका थिए। उक्त चितुवा उद्धार अभियानमा सिञ्चेल रेञ्ज अफिसर प्रिया तामाङ स्वयं अनि सुकना रेञ्जर सृजना दर्नाल अनि दार्जिलिङ एडीएफओ अनुराधा राई उपस्थित भई उद्धार कार्यको नेतृत्व गरेका थिए। वन विभागको टोलीले लामो समयसम्म सावधानीपूर्वक प्रयास गरेपछि चितुवालाई नियन्त्रणमा लिई सुरक्षित रूपमा उद्धार गर्न सफल भएको छ। घटनाका कारण गाउँवासीमा भय र त्रास उत्पन्न भए पनि कुनै मानवीय क्षति वा चोटपटक नभएको जनाइएको छ।

**दार्जीलिंगमा 'स्वच्छ र स्वस्थ समाज'**

'आध्यात्मिक  जागृतिद्वारा विश्व नवीकरण' को पावन सङ्कल्प र स्वर्णिम समाजको स्थापनाका लागि ईश्वरीय योजना अन्तर्गत दार्जीलिंगको गोर्खा रङ्गमञ्च भवनमा दुई दिवसीय आध्यात्मिक सशक्तीकरण कार्यक्रम 'स्वच्छ र स्वस्थ समाज' भव्य रूपमा सम्पन्न भएको छ। समाज सेवा प्रभाग एवं ब्रह्माकुमारीज दार्जीलिंगको संयुक्त तत्वावधानमा आयोजित यस कार्यक्रममा मुख्य वक्ताका रूपमा मुम्बईबाट पाल्नुभएका अन्तर्राष्ट्रिय प्रेरक वक्ता प्रो. ई. भी. गिरीश उपस्थित हुनुहुन्थ्यो। कार्यक्रमको आजको सत्रमा नवनिर्वाचित विधायक  नोमन राई मुख्य अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। उहाँको गरिमामय उपस्थितिलाई सम्मान गर्दै संस्थाका तर्फबाट बधाई पत्र र दोसल्ला ओढाएर भव्य स्वागत तथा सम्मान जनाइयो।

**तीनधारेमा गोजमुमोको शाखा गठन**

गोर्खा जनमुक्ति मोर्चा तीनधारे महानदी समष्टि अन्तर्गत तीनधारे खण्डको राजबारी शाखा गठनार्थ एक सभा खण्ड समिति संयोजक सनतचन्द्र लोहारको अध्यक्षतामा राजबारी जनसेवा भवनमा सम्पन्न भयो। केन्द्रिय समिति सह सचिव बिमल दर्जी, युवा मोर्चा केन्द्रिय सदस्य योगराज प्रधान, युवराज लामा, सुकुना पानीघट्टा समष्टिका सभापति उत्तम छेत्री, तीनधारे महानदी समष्टिका सभापति ऐतमान राई, सचिव सुरेशचन्द्र दर्नाल, तीनधारे खण्ड समिति पूर्व सभापति प्रसाद लावर, सदस्य ध्रुव दर्जीको उपस्थितिमा गोजमुमो राजबारी शाखा समिति गठन गरिएको छ। यस कमिटीमा सभापति मिलन दर्जी, उप सभापति साजन प्रधान, सचिव मदन कुमार दियाली, सह सचिव भाष्कर थापा, कोषाध्यक्ष जय नारायण प्रधान, सल्लाहकार पासाङ तामाङ, बीरबल छेत्री, कार्यकारिणी सदश्यहरु देवराज शंकर, सपन दर्जी, अमित भूजेल पासंग मोक्तान, पदम बहादुर तामाङ, बुदे छेत्री लगायत सोह्रजना सदस्य रहेका छन्।

**मेधावी विद्यार्थीहरूलाई सम्वर्द्धना**

तीनधारेको गैरी गाउँस्थित गोदावरी सङ्घ भवनमा पदमबहादुर राईको सभापतित्वमा एक सभाको आयोजना गरियो। यस सभामा माध्यमिक र उच्च माध्यमिक परीक्षामा उत्तीर्ण हुने मेधावी विद्यार्थीहरूलाई सम्वर्द्धना जनाइयो। यस क्रममा उच्च माध्यमिक परीक्षामा 80 प्रतिशत अङ्क लिएर प्रथम स्थानमा उत्तीर्ण हुने मेधावी विद्यार्थी रोहित ब्राह्मण, 82 प्रतिशत अङ्क प्राप्त गरेका प्रतिक प्रधान र 82 प्रतिशत अङ्क प्राप्त गरेकी गरिमा ब्राह्मणलाई सम्वर्द्धना जनाइयो।

**मौसम - बङ्गाल**

पश्चिम बङ्गालमा अहिलेघरि भीषण गर्मी औ आद्रताले मानिसहरू हैरान भइरहेको छ। राज्यका दक्षिणी तथा पश्चिमी जिल्लाहरूमा दिनको तापमान 38 डिग्री सेल्सियस लगभग पुगिरहेको छ भने आद्रताको कारणले “फिल्स लाइक” तापमान 45 डिग्री सेल्सियसभन्दा अधिक महसूस भइरहेको छ।

**********